कार्यपालिकाको बैठक संख्याः १०  मितिः २०८३।०१।१४

आज मिति २०८२ साल बैशाख १४ गतेका दिन गुल्मीदरवार गाउँपालिका. गुल्मीका अध्यक्ष श्री सरोज कुमार थापाको अध्यक्षतामा देहाय बमोजिमका कार्यपालिका सदस्यहरूको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो।

**समय : दिनको १:०० बजे**

उपस्थिति

| सि.नं. | नाम/ थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री सरोज कुमार थापा | अध्यक्ष | | |
| २. | श्री तारा थापा ढेंगा | उपाध्यक्ष | | |
| ३. | श्री राजेन्द्र कण्डेल | वडा अध्यक्ष (वडा नं. १)/सदस्य | | |
| ४. | श्री विष्णु प्रसाद गौतम | वडा अध्यक्ष (वडा नं. २) /सदस्य | | |
| ५. | श्री राम वहादुर थापा | वडा अध्यक्ष (वडा नं. ३) /सदस्य | | |
| ६. | श्री देविराम पोखेल | वडा अध्यक्ष (वडा नं. ४) /सदस्य | | |
| ७. | श्री गुणानीधि पौडेल | वडा अध्यक्ष (वडा नं. ५) /सदस्य | | |
| ८. | श्री मुकेश थापा | वडा अध्यक्ष (वडा नं. ६) /सदस्य | | |
| ९. | श्री शालिकराम टण्डन | वडा अध्यक्ष (वडा नं. ७) /सदस्य | | |
| १०. | श्री दिल कुमारी खत्री | सदस्य | | |
| ११. | श्री कुमारी दनुवार पुवारे | सदस्य | | |
| १२. | श्री सनु देवि कार्की | सदस्य | | |
| १३. | श्री गंगा अर्याल | सदस्य | | |
| १४. | श्री विष्णुमाया बोटे | सदस्य | | |
| १५. | श्री ईश्वरी परिवार | सदस्य | | |
| १६. | श्री युवराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत/सचिव | | |

आमन्त्रीतः

| | | | |
|---|---|---|---|
| १. | श्री इँन्द्र प्रसाद पन्थी | प्रशासकीय अधिकृत | |
| २. | श्री भिमसेन थापा | प्र.पु. अधिकृत | |

सहयोगी कर्मचारी

| | | | |
|---|---|---|---|
| १. | चोलाकान्त पौडेल | | |

कार्यपालिकाको बैठक संख्याः १०

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गौंडाकोट, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

मितिः २०८३।०१।१४

प्रस्तावहरु

१. अघिल्लो बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा।

२. आधारभूत अस्पताल सञ्चालन अनुदानको बाँडफाँड र बिमा लागु सम्बन्धमा।

३. स्वास्थ्य शिविर सञ्चालन सम्बन्धमा।

४. आधारभूत अस्पतालमा जनशक्ति व्यवस्थापन सम्बन्धमा।

५. विधालय समायोजन, दरवन्दी मिलान लगायत विस्तृत बस्तुगत अध्ययनको लागि कार्यदल गठन सम्बन्धमा।

६. सामाजिक विकास समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

७. निर्माण ठेक्काको म्याद थप सम्बन्धमा।

८. रकमान्तर सम्बन्धमा।

९. राजश्व फिर्ता गर्ने सम्बन्धमा।

१०. भेरियसन अडर(V.O.) सम्बन्धमा।

११. विविध सम्बन्धमा।

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको बैठक संख्याः १०

मितिः २०८३।०१।१४

गुल्मीदरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौंडाकोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## निर्णयहरु

**निर्णय नं १**

प्रस्ताव नं १ माथी छलफल गर्दा यस गुल्मीदरवार गाउँकार्यपालिकाको मिति २०८२।१२।०६ गते बसेको बैठकका निर्णयहरु प्रस्तुत गरियो अधिकांश निर्णयहरु कार्यान्वयको चरणमा रहेको पाईयो र कार्यान्यवयनमा विलम्ब भएका निर्णयहरु तत्काल कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं २**

चालु आर्थिक वर्ष(२०८२/०८३)मा **स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम** अर्न्तगत निर्माण सम्पन्न भएका आधारभूत अस्पताल (५/१०/१५ शैया) सञ्चालन खर्च शिर्षकमा कुल ४१ लाख ४६ हजार यस गुल्मीदरबार गाउपालिकामा अख्तियारी तथा रकमान्तर भएकोमा उक्त रकमलाई तपसिल बमोजिम खर्च गर्नेगरी बाँडफाँड गर्ने र बिमाको सुरुवात यहि मिति २०८३ बैशाख २८ गतेबाट गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

| क्र. सं. | कार्यक्रम तथा खर्च शिर्षक | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | मानव संशाधान व्यवस्थापन | ६,६४,०००।- | |
| २ | औषधी खरिद (बिमा प्रयोजन) | २०,००,०००।- | |
| ३ | साना उपकरण तथा औजार खरिद | ५,००,०००।- | |
| ४ | विविध व्यवस्थापन खर्च | १०,००,०००।- | |
| **जम्मा** | | ४१,६४,०००।- | |

स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अर्न्तगत निर्माण सम्पन्न भएका ५/१०/१५ शैया अस्पताल सञ्चालन शिर्षकमा विनियोजित रकममा गाउँकार्यपालिकाको बैठकबाट औषधि खरिद शिर्षकमा २० लाख बाँडफाँड भएकोमा चालु आ. व. मा आधारभूत अस्पतालमा सञ्चालित विमा प्रयोजनको लागि बिधुतीय बोलपत्र मार्फत खरिद भएकोमा सोही आपुर्तिकर्तालाई सोही दरभाउमा औषधि उपलब्ध गराउन माग

प्रमुख प्रशासकीय अधिकृत

गर्ने र उपलब्ध गराउन ईच्छुक भएमा अघिल्लो पटकै ठेक्कामा प्राप्त दरभाउमै खरिद गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ३

गुल्मीदरबार आधारभूत अस्पतालमा बिमा कार्यक्रम सुभारम्भ अवसर पारेर विशेषज्ञ सेवा सहितको एकीकृत स्वास्थ्य शिभिर यहि मिति २०८२ बैशाख २८ गते गर्ने निर्णय गरियो।

निर्णय नं ४

गुल्मीदरबार आधारभूत अस्पताल व्यवस्थापन समितिको मिति २०८२ बैशाख ११ गतेको बैठकबाट तपसिल बमोजिमको मानव संशाधन भर्ना गर्न सहमति माग भई आएकोमा उक्त कार्यका लागि सहमति प्रदान गर्ने निर्णय गरियो।

तपसिल

१. स्वीपर (२ जना)
२. गार्ड (२ जना)
३. ल्याव टेक्निसियन/ बि.एम.एल.टि. (१ जना)

निर्णय नं ५

गुल्मीदरबार गाउँपालिका अर्न्तगतका विद्यालय समायोजन, दरबन्दी मिलान लगायत विस्तृत बस्तुगत अध्ययनको लागि कार्यालदल गठन गर्ने सम्बन्धमा छलफल पश्चात बैशाख मसान्त सम्म प्रतिवेदन पेश गर्नेगरी सो कार्यको सम्पूर्ण जिम्मा गाउँपालिका शिक्षा समितिलाई दिने निर्णय गरियो।

निर्णय नं ६

कार्यपालिकाको बैठक संख्याः १० मितिः २०८३।०१।१४

गुल्मीदरबार गाउँपालिका सामाजिक विकास समितिको मिति २०८३/०१/१३ को बैठकमा छलफल पश्चात सर्वसम्मत निर्णय भई अनुमोदनका लागि गाउँकार्यपालिकाको बैठकमा प्रस्तुत भएकोमा पुनः छलफल गरियो र अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ७

यस गुल्मीदरबार गाउँपालिकामा आर्थिक वर्ष २०८२/०८३ निर्माण ठेक्का आह्वान भई निर्माण सम्झौता भएका तपसिलका आयोजना सम्झौता मितिमा उल्लेखित समयभित्र निर्माण सम्पन्न हुन नसकेको र म्याद थपको लागि निवेदन प्राप्त भएकोमा तपसिलमा उल्लेखित मिति सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो।

तपसिल

| क.स. | नाम | ठेक्का नं. | निर्माण व्यवसायी | सम्झौता मिति | म्याद थप |
|---|---|---|---|---|---|
| १ | कुडापानी भर्लारुख रेसुङ्गा एयरपोर्ट जोड्ने मो.बा. गुल्मीदरबार ६ | GDRM/NCB/W-०१/२०८२-०८३ | जोग माँ बिल्डर्स, रेसुङ्गा-०४, गुल्मी | २०८२/०८/०८ | २०८२/०३/१५ |
| २. | लुम्पेक नयाँ गाउँ खौवा मोटरबाटो स्तरउन्नती | GDRM/LISP/NCB/W-०६/२०८२-०८३ | सुष्मा एण्ड सृष्टि निर्माण सेवा, गुल्मीदरबार-०४, गुल्मी | २०८२/१२/३० | २०८३/०२/१५ |
| ३. | पाटा देखि आँपकारुख मोटरबाटो स्तरउन्नती | GDRM/NCB/W-०७/२०८२-०८३ | प्रेरणा निर्माण प्रा.लि., छत्रकोट-४, गुल्मी | २०८२/१२/३० | २०८३/०२/३० |
| ४. | गण्डकी दोबाटा गाउँचौर हुदै तल्लबारी खोला दोमै मोटरबाटो स्तरउन्नती | GDRM/NCB/W-०९/२०८२-०८३ | प्रेरणा निर्माण प्रा.लि., छत्रकोट-४, गुल्मी | २०८२/१२/३० | २०८३/०१/३० |

युवराज पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | डुडीपोखरा-ठुलापोखरा बडाँडाडा कारपाटा बाँसडाडा र ठुलापोखरा जोर्तेपोखरा खडकाटोल म्यालडाँडा मोटर बाटो स्तरोन्नती | GDRM/NCB/W-११/२०८२-०८३ | आर.एन. दक्षिणकाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., दाङ | २०८२/०१/३० | २०८३/०२/३० |
| ६. | श्री रुन्खादह माध्यमिक विद्यालय ( १६ कोठे) भवन निर्माण, गुल्मीदरबार-४ | GDRM/NCB/W-११/२०८२-०८३ | श्रेष्ठ कन्स्ट्रक्सन सेवा, रेसुङ्गा-०८, गुल्मी | २०८१/०१/१३<br>२०८३/०१/३० | २०८३/०२/३०<br>(दोस्रो पटक) |

निर्णय नं ७

यस गुल्मीदरबार गाउँसभाबाट स्वीकृत विनियोजन ऐन, २०८२ मा उल्लेखित सिमा भित्र रहि तपसिलको खर्च शिर्षकमा रकम अभाव भएको हुँदा रकमान्तर गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

रकम रु. हजारमा

| क्र. सं. | संशोधित कार्यक्रम | | | नयाँ कार्यक्रम | | |
|---|---|---|---|---|---|---|
| | कार्यक्रमको नाम | विनियोजित रकम | कटौती रकम | कार्यक्रमको नाम | विनियोजित रकम | थप रकम |
| . | पारिश्रमिक कर्मचारी | २२,४५५।- | ४,५३३।- | सडक बोर्डको पुरानो भुक्तानी | | १,१८३।- |
| | | | | आर्थिक सहायता | ८००।- | ८००।- |
| | | | | विधुतीय उपकरण खरिद | | ५००।- |

युवराज पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | विधुतीय उपकरण मर्मत | | ५००।- |
| | | | | राष्ट्रपतिकप रनिङ्ग शिल्ड प्रतियोगिता | २००।- | १००।- |
| | | | | पाईप तथा खानेपानी मर्मत संभार | ११००।- | ५००।- |
| | | | | डिजिटल तराजु खरिद | | ४००।- |
| | | | | विपन्न नागरिक जस्तापाता वितरण | | ५००।- |
| | जम्मा | | ४,४८३।- | जम्मा | | ४,४८३।- |

<u>निर्णय नं ९</u>

यस गुल्मीदरबार गाउँपालिकाबाट विभिन्न समयमा पदपूर्तिका लागि विज्ञापन आह्वान भई दरखास्त संकलन भएका तर प्राविधिक कारण परिक्षा गर्न नसकिएका विज्ञापनमा दरखास्त पेश गरेका उम्मेदवारको परिक्षा दस्तुर फिर्ता गर्ने निर्णय गरियो।

<u>निर्णय नं १०</u>

प्रस्ताव नं १० माथी छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ मा संघीय सरकारबाट हस्तान्तरित (बिशेष अनुदान) रुन्खा दह मा. वि. को १६ कोठे भवन निर्माण, गुल्मीदरबार-४ निर्माण कार्यको क्रममा स्थलको वास्तविक अवस्थाअनुसार आवश्यक परिवर्तनहरू हुन गएको कारण टीएमटी (TMT), ढुङ्गाको मेसोनरी वाल (Stone Masonry), टायल कार्य (Tile Works), थप र्याम्प निर्माण (Additional Ramp Works) तथा अन्य विभिन्न कार्य शीर्षकहरूको परिमाण प्रारम्भिक डिजाइन/लागत अनुमानभन्दा फरक हुन गएको, साथै खरिद सम्झौता गर्दा पूर्वानुमान गर्न नसकिएको कारण आकस्मिक कार्य गर्नुपर्ने

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भएकाले सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) नियम ११८ को उपनियम ५ अनुसार उक्त निर्माण समझौताको तपसिल बमोजिम भेरियसन वडर(V. O.) स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

१. V.O. पूर्वको लागत अनुमान(मू अ कर र PS समेत): **रु. ५,५४,१९,२८५.९०**

२. V.O. पश्चातको लागत अनुमान(मू अ कर र PS समेत): **रु. ५,७४,२८,१९०.२३**

३. V.O. प्रतिशतः **सम्झौता अंकमा ३.६०% बढी**

निर्णय नं ११

क) गुल्मीदरबार गाउँपालिकाको विद्यालय शिक्षामा खेलकुदलाई प्रर्वद्धन एवम् विकास गर्दै विधार्थीको शारीरिक एवम् मानसिक विकासका माध्यामबाट स्वस्थ, सवल र सक्षम जनशक्ति उत्पादानार्थ खेलकुद प्रशिक्षकको भर्ना गर्नु भएको हुँदा सेवा सुविधा मासिक ३० हजार नबढ्ने गरि भर्ना प्रकृया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो।

ख) गुल्मीदरबार आधारभूत अस्पतालमा स्वास्थ्य सेवा नर्सिङ्ग पदमा कार्यरत तपसलिका स्वास्थ्यकर्मीलाई आमा सुरक्षा कार्यक्रममा समेट्ने र स्वास्थ्य बिमा सुचारु पश्चात तपसिल बमोजिम पारिश्रमिक कायम गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

| क्र. सं. | नाम/थर | बिमा पूर्वको पारिश्रमिक | बिमा पश्चको पारिश्रमिक |
|---|---|---|---|
| १ | मिना गाहा | २५,०००।- | ३०,०००।- |
| २ | पार्वती रजाली | २५,०००।- | ३०,०००।- |

ग) लुम्बिनी प्रदेश लोक सेवा आयोगबाट मिति २०७६/१२/०२ गते असिष्टेन्ट सव ईन्जिनियर(शिभिल, जनरल/सहायक चौथो) पदमा सिफारिस भई यस गुल्मीदरबार

युवराज पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिकामा मिति २०७६/१२/०९ गते स्थायी नियुक्ति भई हाल पञ्चदेवल विनायक नगरपालिका अछाममा कामकाज गर्दै रहनुभएका गोकर्ण प्रसाद तिमिल्सैना(क. सं. नं. २४१०४१) सुदुरपश्चिम प्रदेश पञ्चदेवल विनायक नगरपालिकामा पदस्थापनका लागि सहमति माग भएको हुँदा यस गुल्मीदरबार गाउँकार्यपालिकाको बैठकले पदस्थापनाका लागि सहमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

घ) गुल्मीदरबार गाउँसभाबाट आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत योजना तथा कार्यक्रमहरु हाल सम्म पनि सम्झौता भईनसकेको र आर्थिक वर्षको अन्त्यमा सम्झौता हुँदा काम गुणस्तरको नहुन साथै, समयमै मुल्याङ्कन हुन नसक्दा भुक्तानीमा समस्या हुनेहुँदा यहि मिती २०८३ जेष्ठ ५ गते पश्चात कुनै पनि योजना तथा कार्यक्रमको सम्झौता नगर्ने निर्णय गरियो।

ङ) गुल्मी उद्योग वाणिज्य संघको कार्यालय तम्घास गुल्मीबाट **"गुल्मी जिल्लाो सम्पन्नता र समृद्धिको निकास शिक्षा स्वास्थ्य कृषि पर्यटन र रोजगारमा आधारित व्यापारको विकास"** भन्ने मूल नाराका साथ यही मिति २०८३ बैशाख ११ गते देखि बैशाख २३ सम्म सञ्चाल हुने पाचौं गुल्मी महोत्सव तथा कृषि, घरेलु तथा व्यापार मेला २०८३ यस गुल्मीदरबार गाउँपालिकाबाट महिला पञ्चेवाजा सहितको सांस्कृतिक टोली(उद्घाटनको दिन) पठाउने र मेला अवधिभर गुल्मीदरबारको मह प्रदशनी तथा विक्री वितरण गर्ने साथै कृषि, घरेलु तथा व्यापार मेलालाई **रु. ५० हजार** को आर्थिक सहायता **(सस्थागत सहयोग शिर्षकबाट)** गर्ने सर्वसम्मत निर्णय गरियो।

च) यस गुल्मीदरवार गाउँपालिकामा बसोवास गर्ने कमजोर आर्थिक अवस्था भएका/विपद्मा परि धन-जनको क्षति भएका/अनाथ/असहाय/आफ्नो हेरचाह आफै गर्न नसक्ने तपसिलका व्यक्तिलाई विभिन्न मितिमा आर्थिक सहायता भएकोमा कार्यपालिकाबाट अनुमोदन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| क सं | नाम थर /ठेगना | सहायता रकम | खर्च शिर्षक | कैफियत |
|---|---|---|---|---|

प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको बैठक संख्याः १० मितिः २०८३।०१।१४

| | | | | |
|---|---|---|---|---|
| १ | रामकुमारी कामी गुल्मीदरबार ४ | ३०,०००।- | आर्थिक सहायता | औषधि उपचार गर्नुपर्ने। |
| २ | सरिता परियार गुल्मीदरबार २ | ३०,०००।- | विपद् व्यवस्थापन | हावाहुरीले गर्दा घरको भित्तामा क्षति। |

छ) लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयबाट छात्रवृत्ति करारमा यस गुल्मीदरबार आधारभूत अस्पतालमा कामकाजमा आउनुभएका फार्मेसी सातौं विशाल पौडेललाई खाना खाजा बापत मासिक ६ हजार रकम उपलब्ध गराउने निर्णय गरियो।

ज) दरबार देविस्थान स्वास्थ्य चौकीमा कार्यरत ल्याव टेक्निसियनलाई गुल्मीदरबार आधारभूत अस्पतालमा कामकाजमा खटाउने र दरवार देविस्थान स्वास्थ्य चौकीमा तत्काल कर्मचारी भर्ना प्रक्रिया मार्फत जनशक्ति व्यवस्थापन गर्ने निर्णय गरियो।

झ) त्रिचन्द्र बहुमुखी क्याम्पस सरस्वती सदन, घण्टाघर, काठमाण्डौमा स्नातक तह चौथो वर्षमा रशायनशास्त्र विषयमा अध्ययनरत गुल्मीदरबार ४ निवासी लक्षमण राना परियोजना कार्य(Project work) गरिरहेको र सो कार्यका लागि गाउँपालिका समक्ष सहयोग माग गर्नुभएको हुँदा उहाँको थप शैक्षिक वृतिको सुभकामना व्यक्त गर्दै अनुसन्धान प्रोत्साहन र हौसलाको लागि **आर्थिक सहायता शिर्षकबाट रु २५ हजार** सहयोग गर्ने निर्णय गरियो।

ञ) गुल्मीदरबार गाउँपादिलका वडा नं ४ को वडा कार्यालय र अमर अर्बाथोक स्वास्थ्य चौकीको रङ्ग रोगन गर्नका लागि र वडा नं ३ को कार्यालयमा ट्रस निर्माणका लागि प्राविधिक स्टिमेट (Technical Estimate) तयार गर्ने निर्णय गरियो।

ट) सुरक्षित नागरिक आवास कार्यक्रम अर्न्तगत पहिलो किस्ता पाएका तर दोस्रो किस्ता हालसम्म नपाएका लाभग्राहीको संख्या एकिन गर्ने र दोस्रो किस्ता उपलब्ध गराउने विषयमा आवश्यक गृहकार्य गर्ने निर्णय गरियो।

ठ) यस गुल्मीदरबार गाउँपालिकामा रिक्त रहेको स्थानीय सूचना प्रविधि अधिकृत पदको लागि यस गाउँपालिका र रुरु क्षेत्र गाउँपालिकाबाट दोहोरो सहमति लिई रुरु क्षेत्र गाउँपालिकाबाट

प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको बैठक संख्याः १० मितिः २०८३।०१।१४

सरुवा भई आउनुभएका सूचना प्रविधि अधिकृत श्री केशब पौडेललाई मिति २०८३-०२-१२ गते देखि लागु हुनेगरी नियमित रुपमा हाजीर समर्थन गर्ने निर्णय गरियो।

उपरोक्त बमोजिम निर्णय नं. १ देखि ११ सम्म
प्रमाणित गरिएको छ।

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत